# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९ साल पौष १७ गते आइतबार बसेको ८१औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समयः**

**मितिः २०७९/१०/१५ (तद्नुसार २९/०१/२०२३), आइतबार**

**स्थानः अलोफ्ट काठमाण्डु ठमेल, छांयादेवी कम्प्लेक्स, ठमेल, काठमाण्डौ ।**

**समयः अपरान्ह ५:०० बजे ।**

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।

३. कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को लागि कम्पनीको लेखापरीक्षकमा श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् (वर्तमान लेखापरीक्षक) लाई गरिएको नियुक्ती अनुमोदन गर्ने बारे ।

४. प्रिमियम मूल्यमा सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने बारे ।

५. सञ्चालकको नियुक्ति अनुमोदन बारे ।

६. स्वतन्त्र सञ्चालकको नियुक्ति बारे ।

**(ख) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र लिई आउनु हुन अनुरोध गरिन्छ ।

२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०७९ साल माघ १२ गते विहीबार दिउँसो १:०० बजे भित्र यस कम्पनीको प्रधान कार्यालय एल.एस. कम्प्लेक्स, थापाथली, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नुभएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ ।

४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर गरी यो प्रतिनिधि (प्रोक्सी) पत्रलाई मान्यता दिइयोस् भनी छुट्टै पत्र समेत लेखी पठाएमा अरु सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर भई सोही पत्रसाथ आएको प्रतिनिधि (प्रोक्सी) पत्र मात्र मान्य हुनेछ । तर यसो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी त्यस्ता प्रतिनिधि (प्रोक्सी) पत्र समयमै यस कम्पनीमा दर्ता हुन आएता पनि सबैभन्दा पहिला प्राप्त भएको प्रतिनिधि पत्रलाई मान्य गरी अन्य प्रतिनिधि पत्र बदर गरिनेछ ।

५. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिवाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन पाइनेछ ।

७. छलफलको विषय अर्न्तगत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारे २०७९ माघ १२ गते विहीबारसम्म कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षज्यूलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिका अध्यक्षज्यूलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ ।

९. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको ४:३० बजे देखि खुला रहनेछ ।

१०. वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाइट www.citizenlifenepal.com मा उपलब्ध हुने व्यहोरा जानकारी गराइन्छ ।

११. लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु कम्पनीको रजिस्टर्ड कार्यालय, थापाथली, काठमाण्डौमा कार्यालय समयभित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाइएको छ ।

१२. सभा सम्बन्धी अन्य काम कारबाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
फोनः ०१-५९७०२१७, ०१-५३१६०००
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com